# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

खण्डः८ | संख्याः १२ | प्रमाणिकरण मितिः २०८२/१२/२६

भाग २

## जीतपुरसिमरा उपमहानगरपालिका

## संस्थागत विद्यालय छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावनाः**

नेपालको संविधान, २०७२ ले माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय तहको क्षेत्राधिकार भित्र राखेको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को २(ज) मा विद्यालय शिक्षाको छात्रवृत्ति व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई दिएको छ । प्रचलित शिक्षा ऐन तथा नियमावली, अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७ मा संस्थागत विद्यालयले कम्तिमा दश (१०) प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । यस अघि संस्थागत विद्यालयहरुले प्रदान गर्दै आएको न्यूनतम दश (१०) प्रतिशत छात्रवृत्तिलाई संघीयताको मर्म अनुरुप थप व्यवस्थित, प्रभावकारी, पारदर्शी तथा मितव्ययी बनाउन तथा विद्यालयले प्रदान गर्ने छात्रवृत्तिलाई एकरुपता कायम गर्न, समयसापेक्ष छात्रवृत्ति वितरण प्रणालीको विकास गरी विपन्न, जेहेन्दार, मधेशी, अपाङ्ग, महिला, दलित, आदिवासी जनजाति, जनआन्दोलन, मधेश आन्दोलन तथा जेन-जी आन्दोलनका घाइते, वेपत्ता तथा शहिद परिवारका सन्ततिहरूले छात्रवृत्ति प्राप्त गर्ने अवस्थालाई सुनिश्चित गर्न र छात्रवृत्ति वितरणको व्यवस्थालाई पारदर्शी तथा लक्षित वर्गको पहुँचमा पुर्याउन आवश्यक देखिएकोले जीतपुरसिमरा उपमहानगरपालिका शिक्षा ऐन, २०७५ को दफा २८ र २९, प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७८ को दफा ४ र केही कानून तर्जुमा र व्यवस्था गर्ने बनेको ऐन, २०७५ को दफा ५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद एक

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम “संस्थागत विद्यालय छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८२” रहेको छ।

ख. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

ग. यो कार्यविधि जीतपुरसिमरा उपमहानगरपालिका भित्र सञ्चालित संस्थागत विद्यालयहरूको हकमा मात्र लागू हुनेछ ।

## परिच्छेद दुई

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई जनाउँछ ।

ख. "विद्यालय" भन्नाले प्रचलित कानून बमोजिम संस्थागत विद्यालयको रूपमा अनुमति लिएका विद्यालयलाई जनाउँछ, साथै सो शब्दले सार्वजनिक शैक्षिक गुठी, निजी शैक्षिक गुठी, सहकारी तथा कम्पनीको रूपमा अनुमति प्राप्त गरी सरकारी अनुदान नपाउने गरी सञ्चालित विद्यालयहरूलाई समेत जनाउँछ ।

ग. "छात्रवृत्ति" भन्नाले तोकिएको आधार अनुसार छनोट भएका विद्यार्थीहरूलाई विद्यालयले निःशुल्क अध्ययन गर्नको लागि प्रदान गरेको सुविधालाई जनाउँछ ।

घ. "उपमहानगरपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका सम्झनुपर्छ ।

ङ. "कार्यपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

च. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

छ. "शाखा प्रमुख" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको शिक्षा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनु पर्छ ।

ज. "छात्रवृत्ति व्यवस्थापन समिति" भन्नाले अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली,२०७७ को नियम ११ को उपनियम १ बमोजिम गठित दफा ४ बमोजिमको समितिलाई बुझिन्छ ।

झ. “ऐन” भन्नाले अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ सम्झनु पर्दछ ।

ञ. “नियमावली” भन्नाले अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ सम्झनु पर्दछ ।

## परिच्छेद तीन

३. **उद्देश्यः** यस कार्यविधिका उद्देश्यहरू निम्न लिखित रहेका छन्

क. छात्रवृत्ति वितरणलाई पारदर्शी र व्यवस्थित बनाउनु,

ख. लक्षित वर्गले छात्रवृत्ति प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नु,

ग. छात्रवृत्ति व्यवस्थापनसँग सम्बन्धित निकायहरूको भूमिका स्पष्ट पार्नु,

घ. प्रचलित ऐन कानूनलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउनु,

ङ. छात्रवृत्ति वितरण प्रणालीमा एकरुपता कायम गर्नु ।

## परिच्छेद चार

४. **छात्रवृत्ति व्यवस्थापन समितिः**

क. यस उपमहानगरपालिकामा प्रदान गरिने संस्थागत बिद्यालय छात्रवृत्ति प्राप्त गर्ने बिद्यार्थीहरुको पहिचान, छनौट तथा वितरणको उचित व्यवस्थापन र सोको अनुगमन गर्न देहायका पदाधिकारीहरू रहेको एक छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ ।

अ. नगर प्रमुख - अध्यक्ष

आ. स्थानीय तहका वडा अध्यक्ष वा सदस्यमध्येबाट कार्यपालिकाले मनोनयन गरेका कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

इ. दलित वा अपाङ्गता वा मानवीय सेवाको क्षेत्रमा काम गर्ने संघ संस्थामध्येबाट कार्यपालिकाले मनोनयन गरेको एक जना - सदस्य

ई. प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

ख. दफा ४(क) बमोजिम गठित समितिले उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ (हिसान), निजि तथा आवासिय विद्यालय संघ (प्याव्सन) तथा राष्ट्रिय निजि तथा आवासिय विद्यालय संघ (एन प्याव्सन) का प्रतिनीधिलाई आमन्त्रित सदस्यका रुपमा बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

५. **छात्रवृत्ति व्यवस्थापन समितिको बैठक सम्बन्धी व्यवस्थाः** यस समितिमा मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ । मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा मनोनित गर्ने निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाईको मनासिब मौका दिनु पर्नेछ ।

६. समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले व्यवस्थित गर्न सक्नेछ । समितिले आवश्यकता अनुसार विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

७. **छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** नियमावलीमा उल्लेख गरिए बाहेक छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः-

क. संस्थागत विद्यालयले प्रदान गर्ने छात्रवृत्ति सम्बन्धी नीति निर्माण गर्ने,

ख. भर्ना भएका विद्यार्थी संख्याको आधारमा नियमावलीमा तोकिए बमोजिमको प्रतिशतले हुन आउने छात्रवृत्तिको कोटा संख्या अन्तर्गत लक्षित वर्गको कोटा प्रतिशत निर्धारण गर्ने र सोको आधारमा संख्या निर्धारण गर्ने,

ग. नगरस्तरीय छात्रवृत्ति छनौट परीक्षा सञ्चालन समिति तथा विद्यालयस्तरीय छात्रवृत्ति छनौट तथा वितरण समितिले सञ्चालन गर्ने छात्रवृत्ति छनोट परीक्षाका लागि तह र कक्षा निर्धारण गर्ने,

घ. नगरस्तरीय छात्रवृत्ति छनौट परीक्षा सञ्चालक समिति तथा विद्यालयस्तरीय छात्रवृत्ति छनौट तथा वितरण समितिले सिफारिस गरेका विद्यार्थीलाई छात्रवृत्तिबाट बञ्चित गराएको विषयमा परेको निवेदन उपर पुनरावलोकन गरी उचित र न्यायसंगत रूपमा समस्याको टुङ्गो लगाउने,

ङ. प्रचलित कानून अनुसार विद्यालयले प्रदान गर्नुपर्ने छात्रवृत्ति लक्षित वर्गका विद्यार्थीहरूले पाए नपाएको अनुगमन तथा निरीक्षण गरी/गराई सो बमोजिम नगरेको पाइएमा कानून बमोजिम कारवाही गर्ने,

च. छात्रवृत्ति कोटामा विद्यार्थी छनौटका लागि परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गर्ने/गराउने,

छ. तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

८. **नगरस्तरीय छात्रवृत्ति छनौट परीक्षा सञ्चालन समितिः** यस उपमहानगरपालिकाबाट सञ्चालन हुने छात्रवृत्ति छनौट परीक्षा सञ्चालन, नतिजा प्रकाशन तथा विद्यार्थी सिफारिस गर्ने प्रयोजनका लागि देहाय बमोजिमको नगरस्तरीय छात्रवृत्ति छनौट परीक्षा सञ्चालन समिति रहनेछ ।

क. सामाजिक तथा आर्थिक विकास महाशाखा प्रमुख - संयोजक

ख. उपमहानगरपालिका भित्र सञ्चालित विद्यालयबाट हुने गरी उच्च शिक्षा तथा माध्यामिक विद्यालय संघ (हिसान) प्रतिनिधी एक जना - सदस्य

ग. निजि तथा आवासिय विद्यालय संघ (प्याव्सन) उपमहानगरपालिका प्रतिनीधि एक जना - सदस्य

घ. राष्ट्रिय निजि तथा आवासिय विद्यालय संघ (एन प्याव्सन) उपमहानगरपालिका प्रतिनिधि एक जना - सदस्य

ङ. दलित वा अपाङ्गता वा मानवीय सेवाको क्षेत्रमा काम गर्ने संघ संस्थामध्येवाट छात्रवृत्ति व्यवस्थापन समितिले मनोनित गर्ने एक जना - सदस्य

च. कर्मचारी प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा प्रमुख - सदस्य

छ. शिक्षा शाखा प्रमुख - सदस्य सचिव

९. **बैठक सम्बन्धी कार्यविधिः** दफा ८ बमोजिम गठित समितिमा मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ । मनोनित सदस्यले पदीय दायित्व पूरा नगरेमा मनोनित गर्ने निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाईको मनासिब मौका दिनु पर्नेछ ।

समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले व्यवस्थित गर्न सक्नेछ । समितिले आवश्यकता अनुसार विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

१०. **नगरस्तरीय छात्रवृत्ति छनौट परीक्षा सञ्चालन समितिको काम कर्तव्य र अधिकारः**

क. चालु शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थी संख्या एकिन गरी सो विद्यार्थी संख्याको आधारमा छात्रवृत्ति कोटा निर्धारण गर्ने,

ख. छात्रवृत्ती परीक्षाका लागि सूचना प्रकाशन गरी अनुसुची १ र २ बमोजिमको ढाँचामा आवेदन संकलन गर्ने/गराउने,

ग. छात्रवृत्ति छनौट परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने,

घ. छात्रवृत्ति छनौट परीक्षाको नतिजा प्रकाशन गरी विद्यार्थी सिफारिस गर्ने,

ङ. छात्रवृत्ति छनौट परीक्षा सञ्चालनका लागि आधार तथा मापदण्ड निर्धारण गर्ने,

११. **विद्यालयस्तरीय छात्रवृत्ति छनौट तथा वितरण समितिः** विद्यालयबाट हुने छात्रवृत्ति वितरणलाई व्यवस्थित गर्न प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक बिद्यालयस्तरीय छात्रवृत्ति छनौट तथा वितरण समितिको गठन गर्नुपर्नेछ ।

क. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको समितिको सदस्य - संयोजक

ख. सम्बन्धित वडाको जनप्रतिनिधिहरुमध्ये वडा समितिले तोकेको महिला वा दलित महिला सदस्य - सदस्य

ग. विद्यालयमा रहेको शिक्षक अभिभावक संघको अध्यक्ष वा निजले तोकेको शिक्षक, अभिभावक वा संघको सदस्य - सदस्य

घ. बिद्यालय व्यवस्थापन समितिले तोकेको एक जना शिक्षक प्रतिनिधी - सदस्य

ङ. उपमहानगरपालिकाले तोकेको शिक्षा शाखाको प्रतिनीधि कर्मचारी वा स्थायी शिक्षक - सदस्य

च. विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

१२. **बैठक सम्बन्धी कार्यविधिः** दफा ११ बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले व्यवस्थित गर्न सक्नेछ । समितिले आवश्यकता अनुसार विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ । समितिमा मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

मनोनित सदस्यले पदीय दायित्व पूरा नगरेमा मनोनित गर्ने निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाईको मनासिब मौका दिनु पर्नेछ ।

**१३. विद्यालयस्तरीय छात्रवृत्ति छनौट तथा वितरण समितिको काम, कर्तव्य र अधिकारः**

क. चालु शैक्षिक सत्रमा भर्ना भएका कक्षागत विद्यार्थी संख्या एकिन गरी नगरस्तरीय छात्रवृत्ति छनौट परीक्षा संचालन समितिलाई उपलब्ध गराउने,

ख. छात्रवृत्ति छनौट परीक्षाका लागि अनुसुची १ र २ बमोजिमको ढाँचामा आवेदन फारम संकलन गर्ने र तोकिएको अवधिमा नगरपालिकामा उपलब्ध गराउने,

ग. छात्रवृत्ति छनौट परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यमा समन्वय र सहयोग गर्ने,

घ. नगरस्तरीय छात्रवृत्ति छनौट परीक्षा समितिबाट सिफारिस भएका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने र विद्यार्थीको विवरण प्रमाणीकरण गरी नगरपालिकामा उपलब्ध गराउने,

ङ. छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहको नाम **Emis** विवरण शैक्षिक शत्र शुरू भएको तीस दिनभित्र उपमहानगरपालिकाको शिक्षा शाखामा अनिवार्य रूपमा बुझाउने,

च. छात्रवृत्ति वितरण तथा व्यवस्थापन सम्बन्धमा माथिल्लो निकायले दिएको निर्देशानुसार काम गर्ने ।

## परिच्छेद पाँच

**१४. छात्रवृत्ति कोटासम्बन्धी व्यवस्थाः**

क. विद्यालयले अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा ३ तथा ऐ. ऐ. नियमावली, २०७७ बमोजिम आफ्नो विद्यालयमा अध्ययनरत कुल विद्यार्थी संख्याको न्युनतम दश प्रतिशत कोटा छात्रवृत्तिको लागि छुट्ट्याउनु पर्नेछ । यसरी छुट्ट्याइएको छात्रवृत्ति कोटा आधारभूत तथा माध्यमिक तहको प्रत्येक कक्षाको लागि दश प्रतिशतका दरले हुने गरी व्यवस्था गर्नु पर्नेछ ।

ख. छात्रवृतिको वर्ग र कोटा संख्या निर्धारण गर्ने अधिकार छात्रवृत्ति व्यवस्थापन समितिमा रहनेछ ।

**१५. छात्रवृत्तिमा विद्यार्थी छनोट गर्ने प्रक्रियाः**

क. छात्रवृत्ति व्यवस्थापन समितिले विद्यालयवाट प्राप्त बिद्यार्थी संख्यालाई एकीन गरी वा गर्न लगाई शैक्षिक शत्र शुरू भएको एक महिना भित्र उपमहानगरपालिका र बिद्यालयबाट सूचना जारी गर्ने गरी आवेदन लिने आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

ख. नगरस्तरीय छात्रवृत्ति छनौट परीक्षा सञ्चालक समितिले बिद्यालयबाट प्राप्त आवेदनहरू छानविन गरी आवेदकहरूको सूची प्रकाशन गर्ने/गराउने र छात्रवृत्तिमा छनौट गर्नको लागि परीक्षाको मिति, समय र स्थान तय गरी परीक्षा सञ्चालन गर्ने र तोकिएको आरक्षणको परिधिमा रही योग्यताक्रम कायम गरी नतिजा प्रकाशन गर्ने/गराउने कार्य गर्नुपर्नेछ ।

ग. नतिजा प्रकाशन गर्दा छात्रवृत्ति उपलब्ध गराइएका विद्यार्थीहरूको नाम, थर, कक्षा तथा निजको बाबु वा आमाको नाम, थर, वतन सहितको विवरण कार्यालय र विद्यालयको सूचना पाटीमा टाँस गर्न लगाई कार्यालय र विद्यालयको वेभसाईट भएमा त्यसमा समेत सार्वजनिक गर्नु पर्नेछ। विवरण हेर्न चाहने व्यक्तिलाई विद्यालयले त्यस्तो विवरण निःशुल्क हेर्न दिनु पर्नेछ ।

**१६. परीक्षाको किसिम**

क. छात्रवृत्ति छनौटको लागि हुने लिखित परीक्षा एक सय पूर्णाङ्कको हुनेछ। जसमा छात्रवृत्ति छनौट हुने कक्षा भन्दा एक कक्षा मुनिको पाठ्यक्रममा आधारित अनिवार्य विषयबाट समानुपातिक रुपमा ९० अंक र सामान्य ज्ञानबाट १० अंकमा आधारित ५० वटा बहुवैकल्पिक प्रश्न निर्माण गरी परिक्षा सञ्चालन हुनेछ । एक प्रश्नको अंकभार दुई रहनेछ र परीक्षाको समयावधी एक घण्टाको हुनेछ ।

ख. छात्रवृत्तिका लागि सञ्चालन गरिएको लिखित परीक्षाको नतिजा योग्यताक्रम अनुसार प्रकाशित गरिनेछ ।

ग. छात्रवृत्ति व्यवस्थापन समितिको निर्णयानुसार विद्यालयस्तरीय छात्रवृत्ति छनौट तथा वितरण समितिले कक्षा तीन वा सो भन्दा तल्लो कक्षामा परीक्षाको अन्य साधनहरू निर्माण गरी परीक्षा सञ्चालन गर्न सक्नेछ ।

घ. तोकिएको कोटाभित्र तोकिएको भन्दा कम वा कोटा अनुसारकै मात्र आवेदन परेमा आवेदकहरूलाई स्वतः छनौट गरिनेछ । तर तोकिएको क्षेत्रको कोटाभन्दा बढी आवेदन परेमा मात्र लिखित परीक्षा संचालन र सोको योग्यताक्रम अनुसारको नतिजा प्रकाशन गरिनेछ ।

ङ. एउटा वर्गको आरक्षित कोटामा सिफारिस हुने उमेदवार कम भएमा सो कोटाको संख्या क्रमशः अर्को कोटामा सारिदैं लगिनेछ ।

**१७. छात्रवृत्ति नपाउने अवस्थाः**

क. कुनै कक्षामा छात्रवृत्ति पाएको विद्यार्थी निम्न अवस्थामा माथिल्लो कक्षामा छात्रवृत्ति प्राप्त गर्न ग्राह्य हुने छैनन्

अ. जम्मा विद्यालय खुलेको दिनको पचहत्तर प्रतिशत हाजिरी नभएमा,

आ. कानूनले तोकेभन्दा कम उमेरमा विवाह गरेमा,

इ. कक्षा उत्तिर्ण गर्न नसकेमा,

ई. गलत वा झुठा विवरण भरेको प्रमाणित भएमा,

उ. शिक्षा नियमावली र विद्यालयले तयार गरेको आचारसंहिता उल्लघंन गरेको प्रमाणित भएमा ।

ख. दफा १७(क) को बुँदा नं अ, आ र इ सम्बन्धी व्यवस्था कार्यान्वयनको अधिकार विद्यालयमा निहित हुनेछ भने बुँदा नं ई र उ को व्यवस्था बमोजिम छात्रवृत्ति रद्द गर्नुपर्ने भएमा विद्यालयको सिफारिसमा नगरस्तरीय छात्रवृत्ति छनौट परीक्षा सञ्चालन समितिबाट गर्नुपर्नेछ ।

## परिच्छेद छ

**१८. आरक्षण सम्बन्धी व्यवस्थाः**

क. उपमहानगरपालिका तथा विद्यालयस्तरबाट हुने छात्रवृत्ति छनौटका लागि कूल आरक्षित छात्रवृत्ति कोटालाई शत प्रतिशत मानी विपन्नता, जेहेन्दार, मधेशी, अपाङ्ग, महिला, दलित, आदिवासी/जनजाति, मुस्लिम, शहिद, जनआन्दोलन घाईते, बेपत्ता पारिएका र द्वन्द पिडित परिवार तथा अन्य परिवारका सन्ततिहरूले छात्रवृत्ति प्राप्त गर्ने अवस्थालाई सुनिश्चित गर्न आरक्षणको व्यवस्थालाई देहाय अनुसार व्यवस्थित गरिएको छ ।

अ. विपन्नता - ३० प्रतिशत

आ. जेहेन्दार - २० प्रतिशत

इ. मधेशी - १५ प्रतिशत

ई. आदिवासी जनजाति - १० प्रतिशत

उ. दलित - १० प्रतिशत

ऊ. अपाङ्ग - ५ प्रतिशत

ऋ. मुस्लिम - ५ प्रतिशत

ऌ. शहिद, जनआन्दोलन घाईते, बेपत्ता पारिएका र द्वन्द पिडित परिवार - ३ प्रतिशत

एँ. अन्य - २ प्रतिशत

ख. वेपत्ता परिवारको सन्तति, मधेश आन्दोलनका घाइतेका सन्तति, शहिदका सन्तती, जेन-जी आन्दोलनका घाइतेका सन्ततीको आवेदन परेमा जुन समूहबाट आवेदन परेको छ त्यस समूहबाट प्राथमिकता दिई बढीमा तीन प्रतिशतसम्म तोकिए बमोजिमको छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

ग. यसरी छुट्टयाइएको प्रत्येक आरक्षित समुहको ५० प्रतिशत कोटा छात्राहरूको लागि सुरक्षित गर्नुपर्नेछ ।

घ. माथि उल्लेखित आरक्षणहरू मध्ये एक विद्यार्थीले कुनै एक आरक्षण समुहबाट मात्र आवेदन दिन पाउनेछ।

ङ. छात्रवृत्ति कोटाको प्राथमिकीकरण गर्दा सबै भन्दा बढी कोटा निर्धारण गरिएकोलाई पहिलो प्राथमिकता दिनु पर्नेछ । बराबर कोटा निर्धारण गरिएको हकमा भने माथि उल्लेख गरिएको प्राथमिकताक्रम अनुसार हुनेछ।

च. कक्षा एघार छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्दा कम्तीमा पचास प्रतिशत कोटा सामुदायिक विद्यालयबाट आएका छात्रछात्राहरूको लागि छुट्टयाउनु पर्नेछ ।

छ. दफा १७(क) को बुँदा “एँ” मा उल्लेखित “अन्य” भन्नाले सम्बन्धित विद्यालयमा कार्यरत शिक्षक/कर्मचारीका सन्तति, विशेष कारणबाट छात्रवृत्ति प्राप्त गर्नबाट वञ्चित लक्षित वर्गका विद्यार्थी तथा मनासिफ कारण खुलाई निश्चित मापदण्डका आधारमा सम्बन्धित विद्यालयको प्रधानाध्यापकबाट वा उपमहानगरपालिकाबाट सोझै छात्रवृत्तिका लागि सिफारिस गरेको विद्यार्थीलाई मानिनेछ ।

१९. माथि उल्लेखित कोटामा कुनै आवेदन नपरेमा वा आवेदन परेर पनि कुनै परीक्षार्थी उत्तिर्ण हुन नसकेमा वा अन्य कुनै कारणले कोटा पूर्ति हुन नसकेमा छात्रवृत्ति व्यवस्थापन समितिको निर्णयानुसार छात्रवृत्ति छनौट समितिले अन्य धेरै आवेदन परेको कोटामा परिणत गर्न सकिनेछ ।

## परिच्छेद सात

### २०. विविध

क. छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरूलाई विद्यालयले कुनै पनि किसिमको शुल्क लिन पाउने छैन ।

ख. विद्यालयले छात्रवृत्तिमा छनौट भएका विद्यार्थीसँग छनौट परीक्षा अगावै कुनै शुल्क लिएको रहेछ भने त्यस्तो शुल्क फिर्ता गर्नुपर्नेछ ।

ग. छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरूबाट विद्यालयले निजको मञ्जुरी वेगर आवास, भोजन, यातायात जस्ता अन्य विषयमा बस्नै पर्ने, लिनै पर्ने बाध्यात्मक परिस्थिति सिर्जना गर्न पाउने छैन ।

घ. छात्रवृत्ति छनौट परीक्षा व्यवस्थापन समितिले खास तह वा कक्षामा शैक्षिक सत्र सुरु भएको एक महिनाभित्र छात्रवृत्ति छनौट प्रक्रिया समपन्न गरी यथाशिघ्र छात्रवृत्तिमा अध्ययन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

ङ. दफा १७ को अवस्था नभएमा कक्षा नर्सरीमा छनौट भएको विद्यार्थीले कक्षा युकेजी सम्म, कक्षा एक मा भर्ना भएको विद्यार्थीले कक्षा तीन सम्म, कक्षा चारमा भर्ना भएको विद्यार्थीले कक्षा पाँच सम्म, कक्षा छ मा भर्ना भएको विद्यार्थीले कक्षा आठ सम्म, कक्षा नौ मा भर्ना भएको विद्यार्थीले कक्षा दश सम्म र कक्षा एघारमा भर्ना भएको विद्यार्थीले कक्षा वाह्रसम्म छात्रवृत्ति पाउनेछ । तर कक्षा प्रथम र द्वितीय भए बापत पाएको जेहन्दार छात्रवृत्तिको हकमा यो व्यवस्था लागु हुने छैन ।

च. तर दफा २० को उपदफा (ङ) मा जे जस्तो उल्लेख भएको भएता पनि एक पटकका लगि सम्पूर्ण कक्षामा छात्रवृत्ति छनौट परीक्षा संचालन गरिनेछ ।

छ. उपदफा (ङ) बमोजिम छात्रवृत्तिमा छनौट भएका विद्यार्थीको कोटा कुनै कारणवश रिक्त भएमा वा विद्यार्थी संख्या बढ्न गइ छात्रवृत्ति कोटा थप भएमा छात्रवृत्ति पाइरहेका विद्यार्थी बाहेकका योग्यताक्रम वा प्रतिक्षा सुचीका बिद्यार्थीहरुलाई प्राथमिकता दिने, सो नभएमा बिद्यालयमा अध्ययनरत अन्य विद्यार्थीसँग आवेदन माग गरी यस कार्यविधि बमोजिम छात्रवृत्ति प्रदान गर्नुपर्नेछ ।

ज. विद्यालयस्तरीय छात्रवृत्ति छनौट तथा वितरण समितिलाई आवश्यक सहजीकरण गर्न तथा उपमहानगरपालिकाभित्र सञ्चालित विद्यालयमा हुने छात्रवृत्ति छनौट परीक्षालाई व्यवस्थित गर्न छात्रवृत्ति व्यवस्थापन समितिले छनौट परीक्षा सञ्चालन मिति, प्रश्नपत्र निर्माण, छनौटका अन्य मापदण्ड निर्माण लगायतका विषयमा एकरुपता कायम गर्न सक्नेछ ।

२१. **जिम्मेवार हुनुपर्नेः** विद्यालय तहको छात्रवृत्तिको व्यवस्थापनका लागि बैठक बोलाउने, कोटा एकीन गर्ने, परीक्षा सञ्चालन गर्ने, नतिजा प्रकाशन तथा सिफारिस लगायतका काम समय मै सम्पन्न गर्नको लागि यस उपमहानगरपालिकाको हकमा शिक्षा शाखा प्रमुख तथा विद्यालयको हकमा विद्यालयको प्रधानाध्यापकको मुख्य जिम्मेवारी रहनेछ ।

२२. **अनुसूचीमा हेरफेरः** यस कार्यविधिको अनुसूचीमा लेखिएको विषयवस्तुका अतिरिक्त अन्य विषयहरू थप गर्न आवश्यक देखिएमा यस उपमहानगरपालिकाको छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय वमोजिम आफ्नो क्षेत्रको लागि अन्य विषयवस्तु थप तथा हेरफेर गर्न सकिनेछ ।

२३. **पुनरावेदन दिन सकिनेः** विद्यालयस्तरीय छात्रवृत्ति छनौट तथा वितरण समितिले कुनै कारण जनाई विद्यार्थीलाई छात्रवृत्तिबाट बञ्चित गराएमा सम्बन्धित विद्यार्थी वा निजको अभिभावकले सोको जानकारी पाएको मितिले सात दिनभित्र यस उपमहानगरपालिकाको छात्रवृत्ति व्यवस्थापन समिति समक्ष पुनरावेदन दिन सक्नेछ ।

२४. निर्णय अन्तिम हुनेः दफा २३ बमोजिम प्राप्त पुनरावेदनमा छात्रवृत्ति व्यवस्थापन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

२५. दण्ड तथा जरिवानाः विद्यालयले यस कार्यविधि बमोजिम विद्यार्थी छनौट परीक्षा संचालन नगरेमा वा छनौट भएका विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्ति प्रदान नगरेको पुष्टि भएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

२६. बचाउः यस कार्यविधि तयार हुनु पूर्व छात्रवृत्ति छनौटका लागि भए गरेका काम कार्वाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ । तर छात्रवृत्ति प्रदान गरेको सम्पूर्ण विवरणहरु यस उपमहानगरपालिकामा पेश गर्नुपर्नेछ ।

२७. बाधा अड्काउ फुकाउः यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा कार्यपालिका बैठकबाट अनुमोदन हुने गरी नगर प्रमुखले बाधा अड्चन फुकाउन सक्नेछन् ।

फोटो

**अनुसूची १**

**छात्रवृत्तिको लागि दरखास्त फारम**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
जीतपुरसिमरा उपमहानगरपालिका ।

जीतपुरसिमरा उपमहानगरपालिका शिक्षा ऐन,२०७५, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५, शिक्षा ऐन,२०२८ (संशोधन सहित) तथा अन्य प्रचलित कानूनमा भएको व्यवस्था बमोजिम निजी/संस्थागत विद्यालयवाट विद्यार्थीहरूको लागि प्रदान गरिने छात्रवृत्ति छनौट परिक्षामा म सम्मिलित हुन ईच्छुक भएकोले छात्रवृत्तिको लागि फारम भरी आवश्यक प्रमाण तथा कागजातहरू यसैसाथ संलग्न गरी पेश गरेको/गरेकी छु ।

१. विद्यार्थीको पूरा नाम, थर (देवनागरीमा):.........................................................................................

२. NAME IN ENGLISH (IN BLOCK LETTER):.........................................................................................

३. अध्ययन गर्न चाहेको विद्यालयको नामः.................................................... तहः................. कक्षाः................

४. छात्रवृत्तिको लागि आवेदन दिन चाहेको समूह (कुनै एकमा मात्र चिन्ह लगाउने):

विपन्नता ☐ जेहेनदार ☐ मधेशी ☐ आदिवासी/जनजाति ☐ दलित ☐ अपाङ्गता ☐ मुस्लिम ☐
शहिद, जनआन्दोलन घाईते, बेपत्ता पारिएका र द्वन्द पिडित परिवार ☐ अन्य ☐

५. जन्म मितिः वि.सं. ....................... ई.सं...........................

६. लिङ्गः पुरुष ☐ महिला ☐ अन्य ☐

७. ठेगानाः क) स्थायीः क) प्रदेशः ख) जिल्लाः ग) स्थानीय तहः घ) वडा नं./टोलः
ख) अस्थायीःक) प्रदेशः ख) जिल्लाः ग) स्थानीय तहः घ) वडा नं/ टोलः

८. बुवाको नाम, थरः.........................................................पेशाः.............................

९. आमाको नाम, थरः.........................................................पेशाः.............................

१०. बाजेको नाम, थर.........................................................पेशाः.............................

११. पारिवारिक आम्दानीको श्रोतः कृषि/नोकरी/व्यापार/अन्य।

१२. आम्दानीको अनुमानित विवरण रकममा :

१४. अघिल्लो कक्षा उत्तीर्ण गरेको विद्यालयको नाम र ठेगानाः ............................................................ प्रकारः सामुदायिक / संस्थागत

१३) विद्यार्थीको सम्पर्क नम्बरः..................................................

१५. कक्षा ११ का हकमा अध्ययन गर्न चाहेको विषय समूहः........................................

१६.SEE को सिम्बल नम्बरः............................................... १७.SEE मा प्राप्त गरेको जि.पी.ए.:................................

१८.SEE उत्तीर्ण गरेको विद्यालयको नाम र ठेगानाः................................................................. १९.उत्तिर्ण गरेको सालः...............

उल्लेखित व्यहोरा ठिक साँचो छन्, फरक परे कानून बमोजिम सहुँला, बुझाउँला।

निवेदक
नाम :
सही:
मिति :

**<u>संलग्न गर्नु पर्ने कागजातहरु:</u>**

- कक्षा ११ का लागि SEE को लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र पासपोर्ट साइजको फोटो (३ प्रति) ।
- अन्य कक्षाको हकमा अघिल्लो कक्षाको ग्रेडसिट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र पासपोर्ट साइजको फोटो (३ प्रति) ।
- नेपाली नागरिकताको प्रमाणपत्र/जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
- अपांग छात्रवृत्तिको लागि अपांगतासम्बन्धी परिचयपत्रको प्रतिलिपि ।
- मधेशी, दलित तथा आदिवासी जनजाति छात्रवृत्तिको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस ।
- विपन्नता छात्रवृत्तिका लागि विपन्नता परिचय पत्र सो जारी नभएको भए वडा कार्यालयको सिफारिस ।
- शहिदका छोराछोरीका लागि नेपाल सरकार/तोकिएको निकायबाट प्राप्त भएको प्रमाणित कागजात ।
- जनआन्दोलन तथा मधेश आन्दोलन तथा जेन-जीका घाइतेका सन्तति, वेपत्ता परिवारको सन्तति, द्वन्द पिडित तथा शहिद परिवारको सन्ततिको हकमा नेपाल सरकार तोकिएको निकायबाट प्राप्त भएको प्रमाणित कागजात ।

जीतपुरसिमरा उपमहानगरपालिका

**अनुसूची २**

**कक्षा......को छात्रवृत्ति छनौट परीक्षा-२०८...**

**प्रवेश पत्र**

**फोटो**

१. विद्यार्थीको पूरा नाम, थर (देवनागरीमा):..............................................................................

२. NAME IN ENGLISH (IN BLOCK LETTER):..............................................................................

३. अध्ययन गर्न चाहेको विद्यालयको नामः..............................................................................

४. छात्रवृत्तिको लागि आवेदन दिन चाहेको समूह (कुनै एकमा मात्र चिन्ह लगाउने):

विपन्नता □ जेहेन्दार □ मधेशी □ आदिवासी/जनजाति □ दलित □ अपाङ्गता □ मुस्लिम □

शहिद, जनआन्दोलन घाईते, बेपत्ता पारिएका र द्वन्द पिडित परिवार □ अन्य □

५. जन्म मितिः वि.सं. ........................ ई.सं............................

६. लिङ्गः पुरुष □ महिला □ अन्य □

७. विद्यार्थीको सम्पर्क नम्बरः........................ स्थायी ठेगानाः..........................................................

परीक्षार्थीको दस्तखतः

तोकिएका सर्त नपुगेको ठहर भएमा जुनसुकै समयमा यो प्रवेशपत्र रद्द हुनेछ ।

***कार्यालयबाट भर्ने:***

यस उपमहानगरपलिकाबाट मितिः२०८.../.../... गते लिइने कक्षा......को छात्रवृत्ति छनौट परीक्षामा निम्न परीक्षा केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ।

रोल नम्बरः........................ प्रवेशपव प्रमाणित गर्नेको हस्ताक्षरः परीक्षा केन्द्रः.................................

---

**अनुसूची २**

**कक्षा......को छात्रवृत्ति छनौट परीक्षा-२०८...**

**प्रवेश पत्र**

**फोटो**

१. विद्यार्थीको पूरा नाम, थर (देवनागरीमा):..............................................................................

२. NAME IN ENGLISH (IN BLOCK LETTER):..............................................................................

३. अध्ययन गर्न चाहेको विद्यालयको नामः..............................................................................

४. छात्रवृत्तिको लागि आवेदन दिन चाहेको समूह (कुनै एकमा मात्र चिन्ह लगाउने):

विपन्नता □ जेहेन्दार □ मधेशी □ आदिवासी/जनजाति □ दलित □ अपाङ्गता □ मुस्लिम □

शहिद, जनआन्दोलन घाईते, बेपत्ता पारिएका र द्वन्द पिडित परिवार □ अन्य □

५. जन्म मितिः वि.सं. ........................ ई.सं............................

६. लिङ्गः पुरुष □ महिला □ अन्य □

७. विद्यार्थीको सम्पर्क नम्बरः........................ स्थायी ठेगानाः..........................................................

परीक्षार्थीको दस्तखतः

तोकिएका सर्त नपुगेको ठहर भएमा जुनसुकै समयमा यो प्रवेशपत्र रद्द हुनेछ ।

***कार्यालयबाट भर्ने:***

यस उपमहानगरपलिकाबाट मितिः२०८.../.../... गते लिइने कक्षा......को छात्रवृत्ति छनौट परीक्षामा निम्न परीक्षा केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ।

रोल नम्बरः........................ प्रवेशपव प्रमाणित गर्नेको हस्ताक्षरः परीक्षा केन्द्रः.................................

**<u>उम्मेद्वारले पालना गर्नुपर्ने सर्तहरू:</u>**

१. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ, प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन।
२. परीक्षा सुरू हुनुभन्दा ३० मिनेट अगाडी जनाउ घण्टी बजेपछी परीक्षा भवनमा प्रवेश गर्नुपर्नेछ। परीक्षा सुरु भएको २० मिनेट बितेपछी आउने परीक्षार्थी परीक्षामा बस्न पाउने छैन।
३. परीक्षा सुरू भएको ३० मिनेट व्यतित नभएसम्म परीक्षा भवनबाट बाहिर जान पाइने छैन।
४. परीक्षा हलमा किताब, कापी, कागज, चिट, मोबाइल आदि परीक्षा हलमा ल्याउन पाइने छैन।
५. परीक्षार्थीले उत्तरपुस्तिकामा आफूलाई चिनाउने कुनै पनि संकेत गरेमा निजको परीक्षा रद्द गरिने छ ।
६. परीक्षा भवनमा अनुचित कार्य गर्न पाइने छैन। त्यस्तो गरिएको पाइएमा परीक्षा भवनबाट निश्कासन गरिनेछ ।
७. आफूले परीक्षा दिएको दिनमा अनिवार्य रुपमा हाजिरी गर्नु पर्नेछ। हाजिरी हुन छुट भएमा उत्तरपुस्तिका परीक्षण गरिने छैन।
८. एउटा उम्मेद्वारले अर्को उम्मेद्वारको उत्तरपुस्तिकाबाट नक्कल गरेको पाइएमा नक्कल गर्ने र नक्कल गर्न दिने दुबै परीक्षार्थी परीक्षा हलबाट निस्कासन गरिने छ ।
९. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ ।

आज्ञाले,
डमरु प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत

जीतपुरसिमरा उपमहानगरपालिका